**Soaltee Hotel Limited**
★ ★ ★ ★ ★

# आर्थिक वर्ष २०८२/८३ को दोश्रो त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित**

**अनुसूची – १४**

**सोल्टी होटल लिमिटेडको २०८२ पौष मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

## १. वित्तीय विवरण

**कम्पनीको नेपाल लेखामानको आधारमा लेखांकन गरिएको आर्थिक वर्ष २०८२/८३ को २०८२ पौष ३० मा अन्त्य भएको दोश्रो त्रैमासिक अवधिका आर्थिक विवरण तथा प्रमुख वित्तीय अनुपातहरु निम्न अनुसार प्रस्तुत गरिएको छ ।**

**(क) आर्थिक वर्ष २०८२/८३ को दोश्रो त्रैमासिक अवधिको वासलात, र नाफा नोक्सान सम्बन्धी विवरण :–**

(१) कम्पनीको आर्थिक वर्ष २०८२/८३ को २०८२ पौष ३० मा अन्त्य भएको दोश्रो त्रैमासिक अवधिको वैधानिक लेखापरीक्षण नभएको तुलनात्मक वित्तीय विवरणहरु **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

(२) यस दोश्रो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यावसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) **आर्थिक वर्ष २०८२/८३ को २०८२ पौष ३०** मा अन्त्य भएको दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तीय विवरणका प्रमुख वित्तीय अनुपातहरु निम्नअनुसार रहेकाछन्:–

| विवरण | दोश्रो त्रैमासिक अवधिको अन्त्यमा (३० पौष २०८२) (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधिको अन्त्यमा (३१ आश्विन २०८२) (लेखापरीक्षण नभएको) | गत वर्षको दोश्रो त्रैमासिक अवधिको अन्त्यमा (२९ पौष २०८१) (लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| **प्रमुख वित्तीय सूचांकहरुः** | | | |
| ऋण पूंजिको अनुपात | ०.०५ | ०.०५ | ०.०१ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | ०.१२ | ०.०४ | ०.१३ |
| प्रति शेयर आम्दानी (रु.) | ३.४० | १.२१ | ३.३१ |
| प्रति शेयर नेटवर्थ (रु.) | २८.७५ | २८.३० | २६.११ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३७.३२ | ३६.१२ | ३५.२२ |
| प्रति शेयर बजार मूल्य (रु १० प्रति शेयर) (रु.) | ४९८.०० | ४८५.०० | ४७८.०० |
| प्राईस अर्निंग रेसियो (टाईम्स) | १४६.४१ | ४०१.०२ | १४४.३० |
| चालु अनुपात | १.१३ | ०.८८ | ०.९६ |

## २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०८२/८३ को दोश्रो त्रैमासिकको समीक्षा (कार्तिक, मंसिर, तथा पौष) अवधिमा यस कम्पनीको होटेलको पर्यटकीय व्यावसायिक गतिविधि तथा सञ्चालनका क्रियाकलापहरुमा गत आर्थिक वर्षको सोही अवधीको तुलनामा लगभग १४ प्रतिशतको अभिबृद्धि भएको देखिएको छ । यस समीक्षा अवधिमा, पर्यटन उद्योगका व्यावसायीक गतिविधि तथा क्रियाकलापहरुमा जेन जेड आन्दोलन तथा भूराजनीतिक अस्थिरताका कारण केही समय अन्तर्राष्ट्रिय पर्यटक आगमनमा गिरावट आएतापनि, त्यसपछिको अवधिमा तीव्र पुनरुत्थान हुँदै पर्यटन उद्योग समग्र रूपमा सकारात्मक सुधारको दिशातर्फ अग्रसर भएको छ । विशेषगरी दशैं, तिहार, छठ पर्व जस्ता चाडपर्वका कारण आन्तरिक पर्यटनमा उल्लेखनीय वृद्धि, हिमाली तथा पदयात्रा गन्तव्यहरूमा विदेशी पर्यटकको क्रमिक आगमन, हवाई उडानहरूको संख्या वृद्धि, तथा काठमाडौँ, पोखरा, लुम्बिनी र चितवन जस्ता प्रमुख पर्यटकीय केन्द्रहरूमा होटलहरूको अकुपेन्सी दरमा सुधार देखिनुले पर्यटन व्यवसायमा अपेक्षाकृत तीव्र गतिमा सुधार भएको स्पष्ट हुन्छ ।

आर्थिक वर्ष २०८२/८३ को दोश्रो त्रैमासिक अवधिको अन्त्य सम्म, अर्थात सन् २०२५ जनवरी देखी डिसेम्बर ३१ सम्मको अवधिमा, नेपालमा हवाईमार्ग मार्फत आगमन भएका विदेशी पर्यटक पाहुनाहरुको संख्या लगभग ११ लाख ५८ हजार ४ सय ५९ रहेको नेपाल पर्यटन बोर्डको तथ्यांकले देखाएको छ । उक्त तथ्यांक अनुसार नेपालमा अन्तर्राष्ट्रिय पर्यटक आगमनको संख्यामा प्रति वर्ष क्रमिक रुपमा अभिबृद्धि हुँदै गएको परिप्रेक्ष्यमा, सन् २०२५ जनवरी देखि ३१ डिसम्बर २०२५ सम्म हवाईमार्गबाट नेपाल आउने विदेशी पर्यटक पाहुनाहरुको आगमन संख्या गत वर्षको सोही अवधीको तुलनामा ६.७ प्रतिशतले बृद्धि भएको तथ्यांक छ । यसले नेपालको पर्यटन क्षेत्र क्रमशः पुनरुत्थान हुँदै सकारात्मक वृद्धिको दिशातर्फ अघि बढिरहेको संकेत गर्दछ ।

संयुक्त राष्ट्रसंघ पर्यटन संगठन द्वारा प्रकाशित पछिल्लो नवीनतम प्रतिवेदन "विश्व पर्यटन सूचकाङ्क" (वर्ल्ड टुरिज्म बारोमिटर) अनुसार, सन् २०२५ मा विश्वव्यापी अन्तर्राष्ट्रिय पर्यटन आगमनमा सकारात्मक वृद्धिको संकेत गरेको छ । अन्तर्राष्ट्रिय पर्यटक आगमनमा यस वर्ष लगभग ४-५ प्रतिशतसम्म वृद्धि देखाएको छ, जुन विश्वव्यापी पर्यटन माग अझै सुदृढ र स्थिर रहेको संकेत हो । अन्तर्राष्ट्रिय आगमन संख्या प्रति वर्ष लगभग ४% का दरले वृद्धि भएको जनाएको छ, जुन कोभिड १९ महामारी अघिको औसत वृद्धि दरको निकट रहेकोछ । एशिया तथा प्रशान्त क्षेत्रमा पर्यटन आगमन क्रमिक रूपमा बढ्दै गएको देखिएतापनि महामारी अघिको स्तरमा पुर्ण रुपमा फर्कन बाँकी छ ।

विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय पर्यटन यात्राका लागि प्रमुख पर्यटन गन्तव्यहरू प्रति उच्च माग रहँदै आएको परिप्रेक्ष्यमा, ठूला अर्थतन्त्र भएका मुलुकहरूबाट विश्वका विभिन्न आकर्षक पर्यटन गन्तव्यतर्फ पर्यटक आगन्तुकहरूको यात्रामा वृद्धि देखिएको छ । यस प्रवृत्तिले विश्व पर्यटन बजार पुनः गतिशील बन्दै गएको संकेत गर्दछ ।

क्षेत्रीय परिदृश्यको सन्दर्भमा भारत, चीन तथा दक्षिण-पूर्वी एशियाली मुलुकहरूबाट बढ्दो क्षेत्रीय पर्यटन आवागमनले नेपालको पर्यटन वृद्धिलाई थप टेवा पुग्ने अपेक्षा गरिएको छ । भौगोलिक निकटता, सांस्कृतिक सामीप्यता र हवाई तथा स्थल यातायातको क्रमिक सुधारका कारण यी मुलुकहरू नेपालका प्रमुख श्रोत बजारका रूपमा सुदृढ बन्दै गएका छन् ।

पर्यटन क्षेत्रको भावी परिदृश्य विश्लेषण गर्दा, विश्वस्तरमा अन्तर्राष्ट्रिय पर्यटक आगमन तथा पर्यटकीय गतिविधिहरू निरन्तर वृद्धिको क्रममा रहेको देखिन्छ । आगामी वर्षहरूमा विशेषतः एशिया तथा प्रशान्त क्षेत्रका पर्यटन गन्तव्य बजारहरूमा पर्यटन मागमा तीव्र वृद्धि हुने आकलन गरिएको छ, जसले यस क्षेत्रलाई विश्व पर्यटनको प्रमुख केन्द्रका रूपमा थप स्थापित गर्ने संकेत गर्दछ ।

यसै सन्दर्भमा, कम्पनी अन्तर्गत सञ्चालनमा रहेको पाँचतारे डिलक्स लक्जरी होटल 'दी सोल्टी काठमाडौं, अटोग्राफ कलेक्सन होटल्स' तथा अन्तर्राष्ट्रिय स्तरका वायुसेवा प्रदायकहरूलाई इन्फ्लाइट क्याटरिङ सेवा उपलब्ध गराउँदै आएको महाशाखा 'दी सोल्टी गेट गुरमेट' का व्यावसायिक गतिविधिहरू निरन्तर, व्यवस्थित र सुदृढ रूपमा सञ्चालन भइरहेका छन् ।

(ख) आर्थिक वर्ष २०८२/८३ को दोश्रो त्रैमासिक समीक्षा अवधिको अन्त्य सम्मका लेखापरीक्षण नभएका अपरिष्कृत आर्थिक (वित्तीय) विवरणहरु अनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधि संग तुलनात्मक रुपले विश्लेषण गर्दा दोश्रो त्रैमासिक अवधिको अन्त्यमा कम्पनीको खुद मुनाफामा १३ प्रतिशतले बृद्धि भएको छ ।
कम्पनीको समीक्षा आर्थिक वर्ष २०८२/८३ को दोश्रो त्रैमासिक अवधिको अन्त्यसम्म (२०८२ साल पौष मसान्त) का लेखापरीक्षण नभएका अपरिष्कृत वित्तीय विवरणहरूका कार्यसम्पादन सूचकांकहरूको विश्लेषण गर्दा, कम्पनीको समग्र व्यावसायिक प्रदर्शनमा वृद्धि देखिनुका साथै समग्र रूपमा व्यावसायिक कार्यसम्पादन गतिविधिहरू सन्तोषजनक रहेको छ ।
समीक्षा दोश्रो त्रैमासिक अवधिमा, कम्पनीको कार्यसम्पादन, होटल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी गतिविधिहरू कुशलतापूर्वक तथा स्वीकृत व्यावसायिक रणनीतिक कार्ययोजना अनुसार प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गरिएका छन् । प्रतिकूल परिस्थितिहरूमा समेत कम्पनी व्यवस्थापनले दृढता, कार्यकुशलता तथा उच्च व्यवस्थापकीय कौशलता प्रदर्शन गर्दै, व्यावसायिक दक्षता, सुझबुझ र कार्यक्षमताका साथ सबल व्यवस्थापन संस्कारलाई निरन्तरता दिएको छ ।
कम्पनीको उच्च व्यवस्थापनको नेतृत्व, सम्पूर्ण कर्मचारीहरूको पूर्ण सहयोग, प्रतिबद्धता तथा व्यावसायिक परिपक्वताका कारण व्यवस्थापकीय कार्यसम्पादनमा निरन्तरता र प्रभावकारिता कायम रह्यो । समीक्षा त्रैमासिक अवधिमा कम्पनीका व्यावसायिक खर्चहरूमा पूर्ण रूपमा मितव्ययिता अपनाइयो । अनावश्यक तथा तत्काल आवश्यक नभएका खर्चहरूमा कटौती गर्नुका साथै आन्तरिक तथा अन्तर्राष्ट्रिय बजार व्यवस्थापनलाई सुदृढ बनाउँदै, उच्च व्यवस्थापन र होटल व्यवस्थापनका सबै आयामहरूलाई चुस्त, प्रभावकारी र व्यवस्थित बनाइएको छ । यी सुधारात्मक कार्यहरू निरन्तर रूपमा जारी रहनेछन् ।
कम्पनी आगामी दिनहरूमा पनि कम्पनीको होटेल व्यवस्थापन सम्बन्धी आवश्यक सबै व्यावसायिक तथा रणनीतिक गतिविधिहरूलाई निरन्तरता दिन प्रतिबद्ध छ ।

(ग) कम्पनीको व्यवस्थापकीय कार्यकुशलता, प्रतिकूल परिस्थितिमा पनि प्रभावकारी रूपमा कार्य गर्न सक्ने रणनीतिक कार्यक्षमता, तथा व्यावसायिक सुझबुझ सहितको दक्ष कार्यसम्पादन क्षमताका कारण कम्पनीको मौज्दात, कार्यशील पूँजी तथा तरलताको अवस्था सुदृढ र सन्तोषजनक अवस्थामा रहेको छ ।

(घ) चालु आर्थिक वर्ष २०८२/८३ को आगामी तेश्रो त्रैमासिक अवधिमा, विश्व पर्यटन गतिविधिहरूमा देखिएको क्रमिक उत्थान तथा अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक एयरलाइन्सहरू द्वारा नेपाल गन्तव्यतर्फ नियमित अन्तर्राष्ट्रिय व्यावसायिक उडानहरू सञ्चालन भइरहेकाले नेपालको पर्यटन बजार थप लाभान्वित हुने अपेक्षा गरिएको छ ।
उक्त अवधिमा कम्पनीले आफ्ना व्यावसायिक गतिविधिहरू मार्फत कुल आय वृद्धि गर्ने उद्देश्यले उपलब्ध सबै व्यावसायिक तथा रणनीतिक संयन्त्रहरूको समुचित प्रयोग गर्नेछ । यस अन्तर्गत होटेलको अकुपेन्सी दर वृद्धि, उपलब्ध अत्याधुनिक प्रविधि तथा डिजिटल प्रणालीहरूको प्रभावकारी प्रयोग, तथा सेवाको गुणस्तर अभिवृद्धि गरी आम्दानी वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । साथै, होटेल सञ्चालन लागतमा मितव्ययिता, नियन्त्रणात्मक कार्ययोजना, तथा अनावश्यक खर्च कटौतीलाई निरन्तरता दिँदै, विभिन्न पर्यटन बजार खण्डहरूमा निर्धारित बजारिकरण रणनीति अनुसार सूक्ष्म रुपमा तथा लक्षित बजारमा प्रवेश गर्दै आतिथ्य व्यावसायिक गतिविधिहरू कुशलतापूर्वक सञ्चालन गर्ने नीति अनुरुप गतिविधिहरु जारी राख्नेछ ।

(ङ) समीक्षा अवधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सबै हवाई सेवा प्रदायक एयरलाइन्सहरूका अन्तर्राष्ट्रिय हवाई उडान गतिविधिहरू निरन्तर सञ्चालनमा रहेका छन् । प्रीतिभोज तथा विवाह समारोह (बैंक्वेट) खण्डका गतिविधिहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन् । आगामी तेश्रो त्रैमासिक अवधिमा नेपालको पर्यटन बजार थप विस्तार हुने अपेक्षा सहित, विश्व पर्यटन बजारका विभिन्न खण्डहरूमा होटलको पहुँच सुनिश्चित गर्दै होटेलका व्यावसायिक गतिविधिहरू निरन्तर सञ्चालन गरिनेछन् ।
कम्पनीले समीक्षा दोश्रो त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्यकुशलता तथा उच्चस्तरीय मितव्ययिता अपनाउँदै, व्यवसायमा आइपर्न सक्ने कुनै पनि प्रतिकूल परिस्थितिहरूको प्रतिकुल प्रभावलाई अधिकतम रूपमा न्यूनीकरण गर्ने उद्देश्य सहित कुशल व्यवस्थापकीय रणनीतिहरू लागू गरेको छ । यस अन्तर्गत सूक्ष्म व्यावस्थापन प्रणाली मार्फत होटेल सञ्चालन तथा व्यवस्थापन गर्ने नीति कडाईका साथ पालना गरिएको छ ।
यसैगरी, आगामी तेश्रो त्रैमासिक अवधिमा पनि हाल अवलम्बन गरिएका स्थापित व्यावसायिक नीति तथा रणनीतिहरूलाई निरन्तरता दिँदै, सापेक्ष रूपमा होटेलको आम्दानी अभिवृद्धि गर्ने, खर्चहरूमा अपेक्षित मितव्ययिता अपनाउने, तथा नियन्त्रणात्मक व्यावसायिक गतिविधिहरूलाई कडाई र दृढताका साथ कार्यान्वयन गर्दै सशक्त व्यवस्थापकीय कार्यकुशलता र उच्च कार्यदक्षताका साथ कम्पनीका व्यावसायिक क्रियाकलापहरूको सञ्चालन तथा व्यवस्थापनमा पूर्ण ध्यान केन्द्रित गरिनेछ ।

## ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०८२/८३ को दोश्रो त्रैमासिक अवधिमा कम्पनीले पूर्व श्रमिकसंग सम्बन्धीत मुद्दामा सम्मानित श्रम अदालतको फैसला विरुद्ध सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकोमा अन्तरिम आदेश जारी भई मुद्दा विचाराधिन रहेकोछ । साथै, उक्त अवधिमा कम्पनी विरुद्ध कुनै किसिमको मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८२/८३ को दोश्रो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा सञ्चालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित कानून, नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८२/८३ को दोश्रो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराधसंग सम्बन्धीत कुनै पनि मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

## ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा देखिने उतार चढाव खुल्ला बजार प्रणालीद्वारा निर्धारण हुने मुल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयर कारोबार सम्वन्धी विषयमा कम्पनी व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८२/८३ को पौष मसान्त २०८२ मा समाप्त भएको दोश्रो त्रैमासिक अवधिमा, **प्रति शेयर रु. १०** अंकित मूल्य भएका कम्पनीका शेयरहरुको **अधिकतम, न्यूनतम, अन्तिम कारोबार मूल्य**, साथै **कुल कारोबार भएको कूल दिनहरु तथा कारोबार संख्या** निम्नानुसार देहाय बमोजिम रहेको छः–

| त्रैमासिक आ.व. २०८२/८३ (२०२५/२६) | शेयरको कारोबार – मूल्य (रु.) | | | कुल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार भएको कूल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| दोश्रो त्रैमासिक (२०८२ पौष मसान्त) | ५५९.८० | ४६४.०० | ४९८.०० | ५५ | ७,४३७ | १९,७२,२९३ |

## ५. समस्या तथा चुनौती

**(क) समस्या तथा चुनौतीहरुः**

**आन्तरिक चुनौतीहरूः**

(१) कम्पनीमा हाल कुनै आन्तरिक समस्या वा अवरोधहरू देखिएका छैनन्।

**बाह्य चुनौतीहरूः**

(२) विश्वव्यपी रुपमा फैलिने स्वास्थ्य सम्बन्धी संक्रामक रोगहरु (जस्तै भाईरस) बाट पर्ने व्यावसायीक प्रतिकुल प्रभावहरु।
(३) अप्रत्याशित रूपमा घट्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमहरूले पर्यटन गतिविधिहरूमा पार्न सक्ने प्रभाव।
(४) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरूको अभावबाट उत्पन्न हुने नकारात्मक प्रभाव।
(५) पर्यटकहरूको सुरक्षा, देशको आर्थिक र राजनीतिक अवस्था, आन्दोलनहरू, तथा सम्बन्धित पर्यटन श्रोत मुलुकहरूबाट जारी गरिने यात्रा प्रतिबन्ध निर्देशहरूबाट व्यवसायमा पर्ने असरहरू।
(६) विदेशी विनिमय दर जस्तै अमेरिकी डलर र युरो आदिमा हुने अप्रत्याशित उतार चढाव।
(७) ऊर्जा, विद्युत, इन्धन, उपभोग्य तथा औद्योगिक वस्तुहरूमा हुने अप्रत्याशित मूल्यवृद्धिले व्यवसायमा पार्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरु।
(८) दक्ष जनशक्ति, मानव संसाधन तथा श्रमसम्बन्धी समस्याहरूबाट व्यवसायमा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरू।
(९) नयाँ होटेलहरूको व्यवसायिक सञ्चालन पछि देखिएको वा भविष्यमा देखिन सक्ने होटेल कोठाहरूको आपूर्तिमा वृद्धि र पर्यटन बजारमा आएको माग-आपूर्तिको असन्तुलन।
(१०) पर्यटन उद्योगमा देखापर्ने, औद्योगिक अशान्ति, बन्द-हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी, सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव, तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा कमीबाट व्यवसायमा पर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरू।
(११) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरू, प्राकृतिक तथा दैवी विपद् (भूकम्प, बाढी, पहिरो आदि) बाट व्यवसायमा पर्ने प्रभावहरू।

**(ख) रणनीति**

प्राकृतिक विपद्, महामारी तथा अन्य दैवी प्रकोपका कारण उत्पन्न हुन सक्ने अप्रत्याशित र अनिश्चित प्रतिकूल परिस्थितिहरूको सामना तथा जोखिम न्यूनीकरण गर्न, सरकारले समय-समयमा जारी गर्ने वैधानिक तथा प्रतिबन्धात्मक उपायहरूको पूर्ण पालना गर्दै, पर्यटन क्षेत्रमा पर्न सक्ने प्रतिकूल प्रभावहरूलाई न्यूनतममा सीमित राख्ने उद्देश्यले होटेल सञ्चालन सम्बन्धी व्यावसायिक गतिविधिहरू निरन्तर सञ्चालन गर्ने रणनीतिक कार्ययोजनाको तर्जुमा गरिएको छ।

उक्त कार्ययोजना अन्तर्गत, प्रतिकूल परिस्थितिमा समेत होटेलका पूर्वाधार संरचना, सेवा-सुविधा तथा सञ्चालन प्रणालीहरू पूर्ण रूपमा क्रियाशील राख्दै, व्यवसायको निरन्तरता र स्थायित्व सुनिश्चित गर्न उच्चस्तरीय कार्यकुशलता र रणनीतिक व्यवस्थापन अवलम्बन गर्ने नीति रहेकोछ।

यसैगरी, सञ्चालन खर्च न्यूनीकरण गर्ने उद्देश्यले अपनाउनुपर्ने सबै व्यावसायिक, रणनीतिक तथा नीतिगत उपायहरूलाई पूर्ण क्षमतामा कार्यान्वयन गर्दै कम्पनीका उपलब्ध सबै साधन श्रोत र संयन्त्रहरूको समुचित र दक्षतापूर्वक सदुपयोग गर्ने  गरिएको छ। होटेल सञ्चालन तथा व्यवस्थापनलाई न्यूनतम लागतमा प्रभावकारी रूपमा सञ्चालन गर्ने, मानव संसाधन सँग सम्बन्धित खर्चहरूमा मितव्ययिता अपनाउने, साथै अनावश्यक तथा गैर उत्पादक खर्चहरू कटौती गर्ने नीति कडाईका साथ लागू गर्ने गरिएको छ।

यसरी, प्रतिकूल परिस्थितिलाई समेत अनुकूल व्यावसायिक अवसरमा रूपान्तरण गर्दै, होटेलको आय आर्जन क्षमता अभिवृद्धि गर्ने कार्ययोजनालाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने तर्फ व्यवस्थापन प्रतिबद्ध रहेको छ।

## ६. संस्थागत सुशासन

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण**

(१) कम्पनीको लेखापरीक्षण समितिले वार्षिक वैधानिक लेखापरीक्षण प्रतिवेदन लगायत स्वतन्त्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन, तथा व्यवस्थापकीय प्रतिवेदनहरूको त्रैमासिक रुपमा पुनरावलोकन र समीक्षा गरी व्यवस्थापनलाई आवश्यक सल्लाह, सुझाव र सिफारिसहरू प्रदान गर्ने गर्दछ। साथै, स्वतन्त्र आन्तरिक लेखापरीक्षण तथा वार्षिक वैधानिक लेखापरीक्षण प्रतिवेदनहरुमा औल्याईएका अवलोकन र सिफारिसहरु कार्यान्वयन भए नभएको प्रतिवेदन स्वतन्त्र आन्तरिक लेखापरीक्षकद्वारा लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ। लेखापरीक्षण समितिले सञ्चालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ तथा सोहि प्रतिवेदनका आधारमा सञ्चालक समितिले व्यवस्थापनलाई आवश्यक निर्देशन तथा मार्गदर्शन प्रदान गर्ने गर्दछ।

(२) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत, कम्पनी तथा होटेलको आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ।

(३) कम्पनीको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक, स्वतन्त्र चार्टर्ड एकाउन्टेण्टस् द्वारा गरिन्छ, जसले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन कम्पनीको लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ। लेखापरीक्षण समितिले सो सम्बन्धमा सञ्चालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ।

(४) कम्पनीले नियमनकारी निकायहरूद्वारा जारी गरिएका नियम, विनियम, निर्देशनहरू तथा अन्य प्रचलित ऐन र कानुनहरू अनुसार पालना गर्नुपर्ने मापदण्डहरूको पूर्ण रुपमा पालना गर्ने गर्दछ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

### अनुसूची १

## SOALTEE HOTEL LIMITED

### UNAUDITED FINANCIAL RESULTS

### AT THE END OF 30 POUSH 2082 (14 JANUARY 2026), THE SECOND QUARTER OF THE FISCAL YEAR 2082/83 (2025/26)

| PARTICULARS | UP TO THIS QUARTER ENDING ON 30 POUSH 2082 (UNAUDITED) | UP TO THIS QUARTER ENDING ON 31 ASHWIN 2082 (UNAUDITED) | CORRESPONDING PREVIOUS YEAR QUARTER ENDING ON 29 POUSH 2081 (UNAUDITED) |
|---|---|---|---|
| **STATEMENT OF FINANCIAL POSITION AS AT 30 POUSH 2082** | | | |
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 2,746,290,449 | 2,768,408,479 | 2,312,699,966 |
| Intangible Assets | 14,626,187 | 15,469,748 | 40,651 |
| Investment Property | 86,147,943 | 86,672,997 | 88,674,198 |
| Investments | 286,927,201 | 286,927,201 | 281,276,188 |
| Trade and Other Receivables | 36,878,520 | 43,140,386 | 47,645,737 |
| **Total Non-Current Assets** | **3,170,870,300** | **3,200,618,811** | **2,730,336,740** |
| **Current Assets** | | | |
| Inventories | 138,298,492 | 140,076,361 | 132,572,130 |
| Trade and Other Receivables | 405,494,533 | 287,596,688 | 277,146,188 |
| Prepayments | 11,640,397 | 15,865,129 | 13,143,911 |
| Cash and Cash Equivalent | 86,838,085 | 46,885,933 | 118,309,199 |
| **Total Current Assets** | **642,271,507** | **490,424,111** | **541,171,428** |
| **Total Assets** | **3,813,141,807** | **3,691,042,922** | **3,271,508,168** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity and Reserves and Surplus** | | | |
| Share Capital | 1,021,862,690 | 1,021,862,690 | 928,953,700 |
| Retained Earnings and Reserves | 1,916,321,749 | 1,870,106,387 | 1,496,238,500 |
| **Total Equity** | **2,938,184,439** | **2,891,969,077** | **2,425,192,200** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings | 4,293,188 | 4,813,000 | 6,020,458 |
| Employee Benefits | 122,008,381 | 122,251,767 | 124,584,023 |
| Deferred Tax Liabilities | 49,048,096 | 49,048,096 | 34,169,877 |
| Trade and Other Payables | 128,821,686 | 65,081,954 | 166,633,994 |
| **Total Non-Current Liabilities** | **304,171,351** | **241,194,817** | **331,408,352** |
| **Current Liabilities** | | | |
| Loans and Borrowings | 146,308,000 | 146,220,949 | 1,360,289 |
| Employee Benefits | 60,497,177 | 97,130,217 | 77,638,052 |
| Income Tax Payable | 11,376,155 | 4,662,866 | 21,312,163 |
| Trade and Other Payables | 352,604,685 | 309,864,996 | 414,597,112 |
| **Total Current Liabilities** | **570,786,017** | **557,879,028** | **514,907,616** |
| **Total Liabilities** | **874,957,368** | **799,073,845** | **846,315,968** |
| **Total Equity and Liabilities** | **3,813,141,807** | **3,691,042,922** | **3,271,508,168** |
| **STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED 0N 30 POUSH 2082** | | | |
| Revenue | 1,459,710,946 | 627,940,741 | 1,286,056,127 |
| **Total Revenue** | **1,459,710,946** | **627,940,741** | **1,286,056,127** |
| Consumption of Food and Beverages | 274,224,293 | 124,008,858 | 224,414,948 |
| Employee Benefit Expenses | 321,028,472 | 150,379,793 | 302,002,332 |
| Operating Expenses | 167,373,124 | 82,015,627 | 159,612,993 |
| Depreciation and Amortization Expenses | 89,826,022 | 45,320,280 | 77,755,393 |
| Administrative & Other Expenses | 188,652,309 | 82,124,773 | 143,656,151 |
| **Total Expenses** | **1,041,104,220** | **483,849,331** | **907,441,817** |
| **Profit/(Loss) from Operation** | **418,606,726** | **144,091,410** | **378,614,310** |
| Finance Cost | 4,834,462 | 2,322,323 | 565,758 |
| **Profit/(Loss) Before Taxes** | **413,772,264** | **141,769,087** | **378,048,552** |
| Provision for Tax | 66,203,562 | 18,183,054 | 70,335,317 |
| **Net Profit/(Loss) After Tax** | **347,568,702** | **123,586,033** | **307,713,235** |

Note: The above Financial Statement presentation is subject to change if instructed otherwise by Statutory Audit or changes made by the Regulatory Authority, if any.